नेपाल सरकार
अर्थ मन्त्रालय, सिंहदरवार

**विज्ञापन सम्वन्धी सिलवन्दी दरभाउ प्रस्तावको सूचना**

(प्रथम पटक प्रकाशित मिति २०७१।४।१३)

यस मन्त्रालयको निमित्त आ.व. २०७१/७२ मा विभिन्न संचार माध्यमबाट प्रकाशन/प्रशारण सेवा उपलव्ध गराउन इच्छुक फर्म, कम्पनी वा संस्थाबाट सिलवन्दी दरभाउ प्रस्तावको प्रक्रिया पुरा गरी यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र सिलवन्दी दरभाउ प्रस्ताव पेश गर्न आह्वान गरिएकोछ । सिलवन्दी प्रस्तावको फाराम आर्थिक प्रशासन शाखामा (फिर्ता नहुने) रु.३००/ वुझाए पछि यस मन्त्रालयको भण्डार शाखाबाट प्राप्त गर्न सकिनेछ । सिलवन्दी दरभाउ प्रस्ताव पेश गर्दा रु.५०,०००/(रुपैया पचास हजार) सिंहदरवार स्थित को.ले.नि.का. भुक्तानी केन्द्र नम्वर ४ को धरौटी खाता नं. १३५००१/०७१ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ । साथै दरभाउ प्रस्ताव साथ मूल्य अभिबृद्धि करमा दर्ता भएको प्रमाण पत्र, आ.व. २०६९/७० को कर चुक्ता प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि र सरकारी कार्यालय वा निकायमा कम्तिमा ३ वर्ष विज्ञापन सम्वन्धी कार्य गरेको अनुभवको प्रमाण पत्र र गोरखापत्र संस्थान, नेपाल टेलिभिजन, रेडियो नेपाल लगायत अन्य टेलिभिजनहरुमा तथा राष्ट्रिय दैनिक पत्रिकाहरुमा प्रचार तथा प्रशारण गर्न नियमानुसार धरौटी राखेको प्रमाण पेश गर्नु पर्नेछ । सिलवन्दी दरभाउ प्रस्ताव यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन २:०० वजे दिउसो यस मन्त्रालयमा खोलिनेछ । उक्त दिन सार्वजनिक विदा पर्न गएमा सो को भोलिपल्ट सोही स्थान र समयमा खोलिनेछ । दरभाउ प्रस्ताव स्वीकृत हुने फर्मले थप रु. ५०,०००/(पचास हजार) धरौटी वापत जम्मा गरी सो को सक्कल भौचर पेश गर्नु पर्नेछ । दरभाउ प्रस्तावमा उल्लेख भए अनुसारको सेवा यस मन्त्रालयको आवश्यकता बमोजिम उपलव्ध गराउनु पर्नेछ । दरभाउ प्रस्ताव स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस मन्त्रालयमा निहित रहनेछ । यो सूचना अर्थ मन्त्रालयको website www.mof.gov.np बाट पनि हेर्न सकिने छ । यस विषयमा थप वुझ्नु परेमा फोन नं. ४२११३६१ मा सम्पर्क राखी जानकारी लिन सकिनेछ । उपर्युक्त वाहेक अन्य विषयमा प्रचलित सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।